# वेलका नगरपालिका, पशु पन्छी तथा मत्स्य विकास शाखाको कार्यक्रम सञ्चालन कार्यविधि २०७६

## पृष्ठभूमिः-

देशको कूल ग्राहस्थ उत्पादनमा करीव एक तिहाई भन्दा बढी कृषि क्षेत्रबाट प्राप्त हुने र दुई तिहाई भन्दा बढी जनसंख्या रोजगारी तथा जीविकोपार्जनका लागि यस क्षेत्रमा निर्भर रहने भएकाले नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको महत्वपूर्ण भूमिका रहेको स्पष्ट छ । नेपालमा प्रत्येक वर्ष उत्पादनशिल युवाहरु बैदेशिक श्रम वजारमा प्रवेश हुने गरेका छन् । अर्को तर्फ वर्षेनी ठूलो परिमाणमा पशु तथा पशु जन्य पदार्थ आयत हुने गरेको छ । यसै सन्दर्भमा युवा तथा कृषि उद्यमीहरुलाई कृषि क्षेत्रमा आकर्षित गरी कृषि उत्पादन र उत्पादकत्वामा बृद्धि गर्ने र कृषि क्षेत्रको व्यवसायीकरणबाट आय आर्जन, गरीवी नियन्त्रण गर्न पशु उत्पादन तथा वजार ( डेरी, बाख्रा, बंगुर, माछा र पशु सेवा वजार प्रबर्द्धन ) कार्यक्रमहररु सञ्चालनार्थ समतामूलक, समावेशी, सन्तुलित र प्रतिस्पर्धि रुपमा कार्यक्रम सञ्चालन गर्न, पशु रोग नियन्त्रण (रोग सर्भिलेन्स, खोप, उपचार, पशुपंन्क्षी बीमा आदि कार्यक्रमवाट पशुधनको सुरक्षा गर्न ), हाल शुक्का पदार्थको आधारमा करीव २५ प्रतिशत आहाराको कमीलाई पुरा गर्न घाँसको विऊ वितरण, घाँसको श्रोत केन्द्र स्थापना गर्न, परम्परागत पशु पन्छी तथा माछापालनलाई आधुनिकीकरण गर्न, प्रविधि हस्तान्तरण गर्न ( तालिम, पशुमेला तथा भ्रमण जस्ता जनचेतनामूलक कार्यक्रमहरु ) र कार्यक्रमको नियमन, निरन्तरता, मापनको लागि अनुगमन आदि कृयाकलापलाई समावेश गरी नगरपालिकाले पशु पन्छी तथा मत्स्य विकास

तर्फको कार्यक्रम सञ्चालन गर्न यो निर्देशिका तयार गर्न वान्छनीय भएकोले बेलका नगरपालिकाको प्रशासकीय कार्यबिधीले दिएको अधिकार प्रयोग गरी बेलका नगरपालिकाले यो कार्य बिधी बनाएको छ ।

## परिच्छेद-१

### प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भः-

(क) यो कार्य विधिको नाम "वेलका नगरपालिका, पशु पन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६" रहेको छ ।

(ख) यो कार्यविधि बेलका नगरपालिकावाट स्वीकृत भएको मितिवाट प्रारम्भ हुनेछ ।

**२. परिभाषाः-** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्य विधिमा

क) "पशु पन्छी तथा मत्स्य विकास सेवा कार्यक्रम" भन्नाले कृषकहरुलाई पशु पन्छी तथा मत्स्यपालन क्षेत्रमा आकर्षित गर्न प्रविधि तथा पूँजी सहितको व्यवसायीक पशु पन्छी तथा मत्स्य उत्पादन(गाई/भैसी, बंगुर, वाखा, कुखुरा, माछापालन आदि) उत्पादन सामाग्री वितरण, प्रचार प्रसार कार्यक्रम (रेडियो, पत्रपत्रिका प्रकाशन, पोस्टर पम्प्लेट छपाई तथा वितरण, दिवस), प्रविधि हस्तान्तरण (तालिम, भ्रमण, मेला प्रदर्शनी) कार्यक्रमलाई बुझ्नु पर्दछ ।

ख) "मत्स्य विकास कार्यक्रम" भन्नाले नगरपालिका क्षेत्र भित्र माछाको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने कार्यक्रमलाई बुझ्नु पर्दछ ।

ग) "पशु पन्छी तथा मत्स्य आहारा सेवा कार्यक्रम" भन्नाले चरन विकास, डालेघाँस तथा भूईघाँस खेति, घाँसको श्रोत केन्द्र स्थापना, घाँसको नर्सरी तथा प्रदर्शनी स्थल निर्माण, हे/साईलेज निर्माण, पशु पन्छी तथा मत्स्यको दाना वनाउने तथा आहारा सम्वन्धि अन्य कार्यक्रमहरु समेत बुझ्नु पर्दछ ।

घ) "पशु पन्छी तथा मत्स्य वजार प्रवर्द्धन कार्यक्रम" भन्नाले पशुपन्छी तथा मत्स्यजन्य उत्पादनको संकलन, प्रशोधन, ग्रेडिङ्ग, प्याकीङ्ग, ढुवानी सम्वन्धि कृयाकलापलाई बुझ्नु पर्दछ ।

ङ) "पशु पन्छी तथा मत्स्य स्वास्थ्य कार्यक्रम" भन्नाले नगरपालिका भित्रका पशु पन्छी तथा मत्स्य धनको सूरक्षाका लागि गरिने कृयाकलापहरु (उपचार सेवा, प्रयोगशाला सेवा, पशु रोग सर्भिलेन्स, नमूना संकलन तथा प्रेषण, खोप आदि कार्यक्रम भन्ने बुझ्नु पर्छ ।

च) "नश्ल सुधार कार्यक्रम" भन्नाले नगरपालिका भित्रका पशुपन्छी तथा मत्स्यहरुको उत्पादन तथा उत्पादकत्व बृद्धिको लागि गरिने कृयाकलापहरु (कृत्रिम गर्भाधान, प्राकृतिक गर्भाधान-उन्नत जातका पशुपन्छी,माछा भुरा वितरण, बन्ध्याकरण आदि) भन्ने बुझ्नु पर्छ ।

छ) "जैविक विविधता संरक्षण कार्यक्रम" भन्नाले नगरपालिका भित्र परम्परा देखि पालिआएका स्थानिय रैथाने पशुपन्छी, घाँस तथा डालेघाँस संरक्षणको सूचिमा

रहेका वा लोप उन्मुख पशुपन्छी, घाँस तथा डालेघाँसका जाति/प्रजातिलाई संरक्षण गर्न सञ्चालन गरिने कृयाकलापलाई बुझ्नु पर्छ ।

ज) "पशुपन्छी तथा मत्स्य वीमा कार्यक्रम" भन्नाले नगरपालिका भित्र कृषकले पालि राखेका पशुपन्छी तथा मत्स्यको सूरक्षाको लागि गरिने कृयाकलापहरुलाई बुझ्नु पर्छ ।

झ) "व्यवसाय उन्मूख/व्यवसायीक पशु पन्छी तथा मत्स्य सेवा कार्यक्रम" भन्नाले नगरपालिका वसोवास गर्ने वा नगरपालिकाले नगर भित्र व्यवसाय गर्न अनुमति दिएका व्यक्ति, समूह, सहकारी वा फर्मले नगरपालिकाले तोकेको मापदण्ड भित्र रहि पशु पन्छी तथा मत्स्यपालन व्यवसाय सञ्चालन गरी रहेका वा व्यवसाय गर्न प्रस्ताव गरेको व्यवसायलाई बुझ्नु पर्छ ।

ञ) "लक्षित वर्ग विशेष कार्यक्रम" भन्नाले नगरपालिकाले सन्तुलित, समावेसी र लक्षित कार्यक्रम अन्तरगत युवा, दलित, जनजाति, एकल महिला, भूमिहिन, बिकालङ्ग आदि समूह वा जातजातिलाई लक्षित गरी उत्पादन विशेष पशुपन्छी, घाँस, र माछाको क्षेत्रमा गर्ने कार्यक्रम (पशुपन्छी र माछाको संरक्षण, उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने, रोजगार प्रबर्दन, पर्यटन विकासमा टेवा पुऱ्याउने, गरिवि न्यूनिकरण गर्ने, जीविकोपार्जका साथसाथै व्यवसायिक कार्यक्रम) बुझ्नु पर्छ ।

ट) "दैवि प्रकोप उद्धार कार्यक्रम" भन्नाले दैवि विपत्ती (बाढी, पैरो, हुरी, वतास, आगालागि, महामारी जस्ता

विपत्तीवाट माछा, पशुपन्छी, गोठखोर, सिचाई, घाँस आदिको नोक्सानी भई व्यवसायीको काबु वाहिरको परिस्थीति श्रृजना भै सो को लागि दिईने राहत, क्षतिपूर्ति वा सहयोगको लागि गरिने कार्यक्रम बुझ्नु पर्दछ ।

ठ) लक्षित वर्ग/समूह भन्नाले वेलका नगरपालिकाको ऐनमा उल्लेख भएको जातजाति, समूह भन्ने बुझ्नु पर्छ ।

ड) "समूह/समिति" भन्नाले बेलका नगरपालिका भित्र जुनसुकै कार्यालय,संघ-सस्थाले पशु पन्छी तथा मत्स्यपालन व्यवसायमा आवद्ध भएका ५ देखि २४ जानासम्म कृषक सदस्य रही नगरपालिकामा दर्ता भएको संस्थालाई जनाउछ ।

ढ) "प्रस्ताव/स्कीम/परियोजना" भन्नाले पशु पन्छी तथा मत्स्य उत्पादन ( व्यवसायीक गाई/भैसीपालन, बंगुर, बाखा र माछापालन, आहारा विकास, पशु रोग नियन्त्रण, प्रचार प्रसार र पशु पन्छी तथा मत्स्य वजार प्रवर्द्धन) कार्यक्रम सञ्चालनका लागि तयार गरिएको प्रस्ताव बुझ्नु पर्छ ।

ण) "पशु विकास कार्यदल" भन्नाले नगरपालिकामा व्यवस्था भएको कृषि समिति/आर्थिक विकास समितिलाई सहयोग गर्न नगर भित्र पशु पन्छी तथा मत्स्य विकास सम्वन्धि कार्यक्रमहरुको पहिचान गरी योजना तर्जुमा, कार्यान्वयन र मूल्याङ्कनका लागि नगरपालिकाले निर्माण गरेको वा तोकेको पदाधिकारी रहने गरी गठन भएको कार्यदललाई जनाउछ ।

**३) उद्देश्यः-** यसकार्य विधिका उद्देश्यहरु देहाय बमोजिमका छन् :-

क) गाई, भैसी, बाख्रा र बंगुरपालन, पशु पन्छी वजार प्रवर्द्धन तथा माछापालन सम्वन्धि व्यवसाय सञ्चालनका लागि आवश्यक पर्ने श्रोत, साधन, प्रविधि तथा समावेशी, समानुपातिक र सन्तुलित प्रतिस्पिर्धी अनुदान प्रदान गर्ने ।

ख) स्वदेशमा स्वारोजगारका अवसरहरु श्रृजना गरी रोजगारका लागि बिदेशीनेक्रम न्यूनिकरण गरी स्वादेशमै रोगजार वनाउन सहयोग पुऱ्याउने ।

ग) पशु पन्छी तथा मत्स्यजन्य उत्पादन तथा उत्पादकत्व बृद्धि गरी आयत प्रतिस्थापन र निर्यात अभिवृद्धि गर्न ।

घ) पशुपन्छी तथा मत्स्य धनको सुरक्षा गरी जनस्वस्थ्यमा पर्ने असर न्यूनिकरण गर्न ।

ङ) पशु पन्छी तथा मत्स्य रोग नियन्त्रण गरी उत्पादनमा सहयोग पुऱ्याउने ।

च) जैविक विविधता संरक्षण गर्दै वातावरण अनुकुलन कार्यक्रम सञ्चालन गर्न ।

ज) दैवि विपत्तिमा परेका कृषकको व्यवसायलाई राहत प्रदान गर्ने ।

## परिच्छेद-२

### ४. पशु पन्छी तथा मत्स्य विकास शाखाले सञ्चालन गर्ने कार्यक्रमहरुः-

**कार्यक्रम सञ्चालन प्रकृया देहाय बमोजिम हुनेछः-**

**क) पशु पन्छी तथा मत्स्य सेवा कार्यक्रम :-**

यस कार्यक्रम अन्तरगत व्यवसाय उन्मुख/व्यवसायिक (गाई/भैसी/बाख्रा/बंगुर/कुखुरा/माछा) कार्यक्रमहरु यससंग सम्वन्धित आहारा, गोठ/खोर, उत्पादन,

उपकरण, उन्नत विऊको रुपमा प्रयोग गरिने पशु पन्छी, माछा तालिम, गोष्ठि, प्रदर्शनी, मेला आदि पर्दछन । यो कार्यक्रमको सञ्चालन उपलव्ध श्रोत-साधनको अधिनमा रहि क्षेत्रीय सन्तुलन, समावेशी विकास, पारदर्शि, प्रभाकारी, मितव्ययिताको आधारमा कार्यक्रम सञ्चालन गरिने छ ।

**क) कार्यक्रमको अवधिः-** यो कार्यक्रम बेलका नगरपालिकाले निर्णय गरे बमोजिमको अवधिसम्म सञ्चालन हुने ।

**ख) कार्यक्रमका लागि क्षेत्र छनौट :-**

**१) गाई/भैसीः-**

वडा नं. १,२,३,४ लाई मूख्य क्षेत्र मानिनेछ र अन्य वडा नं. ५,६, ८ र ९ को तराई क्षेत्रलाई समावेश गर्न सकिने छ ।

**२) खसी/बाखाः-**

क) वडा नं. ६,७ वडालाई मूख्य क्षेत्रको रुपमा लिई वडा नं. ५, ८, ९ को चुरे क्षेत्रसंग जोडिएको स्थानहरु समावेश गरिने छ ।

ख) व्यवसाय उन्मुख तथा लक्षित वर्ग विशेष कार्यक्रमः- नगरपालिका भरी ।

**३) बंगुरः-**

क) व्यवसायिकः- वडा नं. १,२,३,४, ८ र ९

ख) व्यवसाय उन्मुख तथा लक्षित वर्ग विशेष कार्यक्रमः- नगरपालिका भरी ।

**३) कुखुराः-**

क) स्थानीय/डुवल परपस :- वडा नं. ५, ६, ७ र ८

ख) कर्मशियलः- वडा नं. १,२,३,४,८,९

ग) व्यवसाय उन्मुख तथा लक्षित कुखुरा कार्यक्रमः- नगरपालिका भरी ।

**व्यवसायीक फार्मको वर्गिकरणः-**

पशु पन्छी तथा मत्स्यको जात र व्यवसायको आधारमा पशुपन्छी तथा मत्स्यका सवै जातहरुलाई ३ किसिमको फर्ममा विभाजन गरीने छ ।

**क) गाई/भैसी फार्मको वर्गिकरणः-**

१) साना व्यवसायीक गाई/भैसी फार्म :-५ देखि १० वटा सम्म उन्नत दुधालु गाई/भैसी पालन गरी दुध उत्पादन व्यवसाय शुरु गरेका वा गर्ने योजना सहितका फार्महरुलाई मानिने छ ।

२) मझौला स्तरका व्यवसायीक गाई/भैसी फार्म :-११ देखि ३० वटा सम्म उन्नत दुधालु गाई/भैसी पालन गरी दुध उत्पादन व्यवसाय शुरु गरेका वा गर्ने योजना सहितका फार्महरुलाई मानिने छ ।

३) ठूला स्तरका व्यवसायीक गाई/भैसी फार्म :- यस कार्यक्रमका ३० वटा भन्दा माथी उन्नत दुधालु गाई/भैसी पालन गरी दुध उत्पादन व्यवसाय शुरु गरेका वा गर्ने योजना सहितका फार्महरुलाई मानिने छ ।

**ख) खसी/बाख्राः-**

**१) साना:-** १० माउसम्म उन्नत/उत्पादक माउबाख्रा पालन गरी व्यवसाय शुरु गरेका वा गर्ने योजना सहितका फार्महरुलाई मानिने छ ।

**२) मझौला:-** ५० माउसम्म उन्नत/उत्पादक माऊबाख्रा पालन गरी व्यवसाय शुरु गरेका वा गर्ने योजना सहितका फार्महरुलाई मानिने छ ।

**३) ठूला :-** ५० माउ भन्दा बढी उन्नत/उत्पादक बाख्रा पालन गरी व्यवसाय शुरु गरेका वा गर्ने योजना सहितका फार्महरुलाई मानिने छ ।

**ग) बंगुर:-**

१) साना :- बच्चा उत्पादनको लागि ५ माउसम्म उन्नत /उत्पादक बंगुर पालन गरी व्यवसाय शुरु गरेका वा गर्ने योजना सहितका फार्महरुलाई र मासु उत्पादनको लागि १५ वटा बंगुरपालन गरेको वा गर्ने योजना भएको फर्मलाई मानिने छ ।

२) मझौला:- बच्चा उत्पादनको लागि १० माउसम्म उन्नत /उत्पादक बंगुर पालन गरी व्यवसाय शुरु गरेका वा गर्ने योजना सहितका फार्महरुलाई र मासु उत्पादनको लागि ३० वटा बंगुरपालन गरेको वा गर्ने योजना भएको फर्मलाई मानिने छ ।

३) ठूला :- बच्चा उत्पादनको लागि १५ माउ भन्दा बढी उन्नत /उत्पादक बंगुर पालन गरी व्यवसाय शुरु गरेका वा गर्ने योजना सहितका

फार्महरुलाई र मासु उत्पादनको लागि ३० भन्दा बढी बंगुरपालन गरेको वा गर्ने योजना भएको फर्मलाई मानिने छ ।

**घ) कुखुरा कमरर्शियल ब्रोइलरः-**

१) साना :- ५०० प्रति लट कुखुरा पालन गरी व्यवसाय शुरु गरेका वा गर्ने योजना सहितका फार्महरुलाई मानिने छ ।

२) मझौला:- १००० प्रति लट कुखुरा पालन गरी व्यवसाय शुरु गरेका वा गर्ने योजना सहितका फार्महरुलाई मानिने छ ।

३) ठूला :- प्रति लट १००० भन्दा बढी कुखुरा पालन गरी व्यवसाय शुरु गरेका वा गर्ने योजना सहितका फार्महरुलाई मानिने छ ।

**ङ) कुखुरा लेयर्सः-**

१) साना :- ५०० वटा कुखुरा पालन गरी व्यवसाय शुरु गरेका वा गर्ने योजना सहितका फार्महरुलाई मानिने छ ।

२) मझौला:- ५००० वटा कुखुरा पालन गरी व्यवसाय शुरु गरेका वा गर्ने योजना सहितका फार्महरुलाई मानिने छ ।

३) ठूला :- ५००० भन्दा बढी कुखुरा पालन गरी व्यवसाय शुरु गरेका वा गर्ने योजना सहितका फार्महरुलाई मानिने छ ।

**च) स्थानिय कुखुरा :-**

१) साना :- १० माउ कुखुरा पालन गरी व्यवसाय शुरु गरेका वा गर्ने योजना सहितका फार्महरुलाई मानिने छ ।

२) मझौला:- ५० माउ कुखुरा पालन गरी व्यवसाय शुरु गरेका वा गर्ने योजना सहितका फार्महरुलाई मानिने छ ।

३) ठूला :- ५० माउ भन्दा बढी कुखुरा पालन गरी व्यवसाय शुरु गरेका वा गर्ने योजना सहितका फार्महरुलाई मानिने छ ।

**छ) माछा :-**

१) साना :- ५ रोपनी जलाशय वनाई व्यवसाय शुरु गरेका वा गर्ने योजना सहितका फार्महरुलाई मानिने छ ।

२) मझौला:- २० रोपनी जलाशय वनाई व्यवसाय शुरु गरेका वा गर्ने योजना सहितका फार्महरुलाई मानिने छ ।

३) ठूला :- २० रोपनी जलाशय वनाई व्यवसाय शुरु गरेका वा गर्ने योजना सहितका फार्महरुलाई मानिने छ ।

**घ) कार्यक्रमका लागि उपलव्ध गराईने सहयोग :-**

**क) गाई/भैसी:-**

१) साना व्यवसायीक फार्म :-

उन्नत गाई/भैसी फर्म स्थापना गरेका वा गर्ने योजना पेश गरेका व्यवसायीको व्यवसाय सञ्चालन गर्न वा व्यवसायको सुद्धढीकरणको लागि फर्मको लागत लाभको आधारमा प्रस्तावित योजना अनुसार काम सम्पन्न गरेमा प्रति जनावर बढीमा रु. २०,०००।- (वीस हजार) का दरले ५० प्रतिशत सम्म लागत साझेदारीमा बढीमा रु.२,००,०००।- दुई लाख सम्म अनुदान उपलव्ध गराईने छ ।

**२) मझौला व्यवसायीक फार्म :-**

उन्नत गाई/भैसी फर्म स्थापना गरेका वा गर्ने योजना पेश गरेका व्यवसायीको व्यवसाय सञ्चालन गर्न वा व्यवसायको सुद्धढीकरणको लागि फर्मको लागत लाभको आधारमा प्रस्तावित योजना अनुसार काम सम्पन्न गरेमा प्रति जनावर बढीमा रु. १५,०००।- ( पन्द्र हजार ) का दरले ५० प्रतिशतसम्म लागत साझेदारीमा बढीमा रु.४,००,०००।- चार लाखसम्म अनुदान उपलव्ध गराईने छ ।

**३) ठूला व्यवसायीक फार्म :-**

उन्नत गाई/भैसी फर्म स्थापना गरेका वा गर्ने योजना पेश गरेका व्यवसायीको व्यवसाय सञ्चालन गर्न वा व्यवसायको सुद्धढीकरणको लागि फर्मको लागत लाभको आधारमा प्रस्तावित योजना अनुसार काम सम्पन्न गरेमा प्रति जनावर रु. १०,०००।- ( दश हजार ) का दरले ५० प्रतिशतसम्म लागत साझेदारीमा बढीमा रु.५,००,०००।- पाँच लाख सम्म अनुदान उपलव्ध गराईने छ ।

**ख) खसी/बाख्राः-**

**१) साना :-**

उन्नत वा गुणस्तरीय उत्पादक माउबाख्राको १० माउसम्मको फर्म स्थापना गरेका वा गर्ने योजना पेश गरेका व्यवसायीको व्यवसाय सञ्चालन गर्न वा व्यवसायको सुद्धढीकरणको लागि फर्मको लागत लाभको आधारमा प्रस्तावित योजना अनुसार काम सम्पन्न गरेमा प्रति जनावर बढीमा रु. ५,०००।- ( पाँच हजार ) का दरले ५० प्रतिशतसम्म लागत साझेदारीमा बढीमा रु.५०,०००।- पाँच हजारसम्म अनुदान उपलव्ध गराईने छ ।

## २) मझौला:-

उन्नत वा गुणस्तरीय उत्पादक माउबाख्राको ५० माउसम्मको फर्म स्थापना गरेका वा गर्ने योजना पेश गरेका व्यवसायीको व्यवसाय सञ्चालन गर्न वा व्यवसायको सुद्धढीकरणको लागि फर्मको लागत लाभको आधारमा प्रस्तावित योजना अनुसार काम सम्पन्न गरेमा प्रति जनावर बढीमा रु. ४,०००।- ( चार हजार ) का दरले ५० प्रतिशतसम्म लागत साझेदारीमा रु.२,००,०००।- दुई लाखसम्म अनुदान उपलव्ध गराईने छ ।

## ३) ठूला :-

उन्नत वा गुणस्तरीय उत्पादक माउबाख्राको ५० माउ भन्दा बढीको फर्म स्थापना गरेका वा गर्ने योजना पेश गरेका व्यवसायीको व्यवसाय सञ्चालन गर्न वा व्यवसायको सुद्धढीकरणको लागि फर्मको लागत लाभको आधारमा प्रस्तावित योजना अनुसार काम सम्पन्न गरेमा प्रति जनावर बढीमा रु. ३,५००।- ( तिन हजार पाँचसय ) का दरले कम्तीमा ५० प्रतिशतसम्म लागत साझेदारीमा बढीमा रु.३,००,०००।- तिन लाखसम्म अनुदान उपलव्ध गराईने छ ।

**ग) सुगुर/बंगुरः-**

**१) साना :-**

बच्चा उत्पादनको लागि ५ माउसम्म उन्नत /उत्पादक बंगुर पालन गरी व्यवसाय शुरु गरेका वा गर्ने योजना सहितका फार्महरुलाई र मासु उत्पादनको लागि १५ वटा बंगुरपालन गरेको वा गर्ने योजना भएको फर्मलाई प्रस्ताव गरिएको योजना अनुसार काम सम्पन्न गरेमा ५० प्रतिशतसम्म लागत साझेदारीमा रु. १,००,०००।- एक लाखसम्म अनुदान उपलव्ध गराईने छ ।

**२) मझौलाः-**

बच्चा उत्पादनको लागि १० माउसम्म उन्नत /उत्पादक बंगुर पालन गरी व्यवसाय शुरु गरेका वा गर्ने योजना सहितका फार्महरुलाई र मासु उत्पादनको लागि ३० वटा बंगुरपालन गरेको वा गर्ने योजना भएको फर्मलाई ५० प्रतिशतसम्म लागत साझेदारीमा रु. २,००,०००।- दुई लाखसम्म अनुदान उपलव्ध गराईने छ ।

**३) ठूला :-**

बच्चा उत्पादनको लागि १५ माउ भन्दा बढी उन्नत /उत्पादक बंगुर पालन गरी व्यवसाय शुरु गरेका वा गर्ने योजना सहितका फार्महरुलाई रमासु उत्पादनको लागि ३० भन्दा बढी बंगुरपालन गरेको वा गर्ने योजना भएको फर्मलाई ५० प्रतिशतसम्म लागत साझेदारीमा रु. ३,००,०००।- तिन लाखसम्म अनुदान उपलव्ध गराईने छ ।

**घ) कुखुरा कमर्शियल ब्रोइलरः-**

**१) साना :-**

नगरपालिकामा व्यवसाय दर्ता भै ५०० प्रति लट कुखुरा पालन गरी व्यवसाय शुरु गरेका वा गर्ने योजना सहितका फार्महरुलाई नगरपालिकावाट तोकिएको मापदण्ड अनुसारको उपकरण, जैविक सूरक्षा सहित खोर व्यवस्थापनको लागि एक पटकमात्र ५० प्रतिशतसम्म लागत साझेदारीमा रु. ५०,०००।- पचास हजारसम्म अनुदान उपलव्ध गराईने छ ।

**२) मझौला:-**

नगरपालिकामा व्यवसाय दर्ता भै १००० प्रति लट कुखुरा पालन गरी व्यवसाय शुरु गरेका वा गर्ने योजना सहितका फार्महरुलाई नगरपालिकावाट तोकिएको मापदण्ड अनुसारको उपकरण, जैविक सूरक्षा र खोर व्यवस्थापनको लागि एक पटकमात्र ५० प्रतिशतसम्म लागत साझेदारीमा रु. १,००,०००।- एक लाखसम्म अनुदान उपलव्ध गराईने छ ।

**३) ठूला :-**

नगरपालिकामा व्यवसाय दर्ता भै १००० भन्दा बढी प्रति लट कुखुरा पालन गरी व्यवसाय शुरु गरेका वा गर्ने योजना सहितका फार्महरुलाई नगरपालिकावाट तोकिएको मापदण्ड अनुसारको उपकरण, जैविक सूरक्षा र खोर व्यवस्थापनको लागि एक पटकमात्र ५० प्रतिशतसम्म लागत साझेदारीमा रु. १,५०,०००।- एक लाख पचास हजारसम्म अनुदान उपलव्ध गराईने छ ।

## ङ) कुखुरा लेयर्सः-

### १) साना :-

नगरपालिकामा व्यवसाय दर्ता भै ५०० सम्म कुखुरा पालन गरी व्यवसाय शुरु गरेका वा गर्ने योजना सहितका फार्महरुलाई नगरपालिकावाट तोकिएको मापदण्ड अनुसारको उपकरण, जैविक सूरक्षाका र खोर तथा औजार उपकरण व्यवस्थापनको लागि एक पटकमात्र ५० प्रतिशतसम्म लागत साझेदारीमा रु. १,००,०००।- एक लाखसम्म अनुदान उपलव्ध गराईने छ।

### २) मझौलाः-

नगरपालिकामा व्यवसाय दर्ता भै ५००० सम्म कुखुरा पालन गरी व्यवसाय शुरु गरेका वा गर्ने योजना सहितका फार्महरुलाई नगरपालिकावाट तोकिएको मापदण्ड अनुसारको उपकरण, जैविक सूरक्षाका व्यवस्थापनको लागि एक पटकमात्र ५० प्रतिशतसम्म लागत साझेदारीमा रु. २,००,०००।- तिन लाखसम्म अनुदान उपलव्ध गराईने छ।

### ३) ठूला :-

नगरपालिकामा व्यवसाय दर्ता भै ५००० माथी कुखुरा पालन गरी व्यवसाय शुरु गरेका वा गर्ने योजना सहितका फार्महरुलाई नगरपालिकावाट तोकिएको मापदण्ड अनुसारको उपकरण, जैविक सूरक्षाका खोर व्यवस्थापनको लागि एक पटकमात्र ५० प्रतिशतसम्म लागत साझेदारीमा रु. ३,००,०००।- तिन लाखसम्म अनुदान उपलव्ध गराईने छ।

## च) स्थानिय कुखुरा :-

**१) साना :-**

समूहगत रुपमा नगरपालिकामा महिला समूह दर्ता भै समूहमा प्रति परिवार १० माउ कुखुराका दरले १०० माउ कुरा पालन गरी व्यवसाय शुरु गरेका वा गर्ने योजना सहितका समूहलाई नगरपालिकावाट तोकिएको जात, खोर निर्माण, आहारा तथा खोप व्यवस्थापनको लागि समूहगत रुपमा एक पटकमात्र ५० प्रतिशतसम्म लागत साझेदारीमा रु. २५,०००।- पचिस हजारसम्म अनुदान उपलव्ध गराईने छ ।

**२) मझौला:-**

नगरपालिकामा व्यवसाय दर्ता भै ५० माउ कुरा पालन गरी व्यवसाय शुरु गरेका वा गर्ने योजना सहितका व्यवसायलाई नगरपालिकावाट तोकिएको जात, खोर निर्माण, आहारा तथा खोप व्यवस्थापनको लागि एक पटकमात्र ५० प्रतिशतसम्म लागत साझेदारीमा रु. ५०,०००।- पचास हजारसम्म अनुदान उपलव्ध गराईने छ ।

**३) ठूला :-**

नगरपालिकामा व्यवसाय दर्ता भै ५० माउ भन्दा बढी कुरा पालन गरी व्यवसाय शुरु गरेका वा गर्ने योजना सहितका व्यवसायलाई नगरपालिकावाट तोकिएको जात, खोर निर्माण, आहारा तथा खोप व्यवस्थापनको लागि एक पटकमात्र ५० प्रतिशतसम्म लागत साझेदारीमा बढीमा रु. १,००,०००।- एक लाखसम्म अनुदान उपलव्ध गराईने छ ।

**५ क्रमागत (फलोअप ) कार्यक्रमहरु:-**

अघिल्ला आर्थिक वर्षहरुमा व्यवसाय स्थापना भै अधुरा रहेका वा व्यवसायको स्तरोन्नति गर्न गराउनको लागि फलोअप कार्यक्रम सञ्चालन गरिने छ । यो कार्यक्रम व्यवसायीको व्यवसायको स्तरोन्नतिमा सम्भाव्यताको आधारमा क्रमागत अनुदान ५० प्रतिशतको लागत साझेदारीमा दिन सकिनेछ ।

**सञ्चालन गरिने कृयाकलापहरुः-**

**फार्म स्थापना/सुदृढिकरण सम्वन्धित कार्यहरुः-**

- गोठ/खोर निर्माण सुधार तथा फार्म सूरक्षा ( बार बन्देज ) जैविक सूरक्षा आदि ।
- प्रजनन् ,आहारा तथा अन्य व्यवस्थापकिय कार्य ( प्राकृतिक तथा कृत्रिम गर्भाधान)
- आहारा विकासको लागि आवश्यक विऊ विजन खरिद तथा ढुवानी ।
- विउ तथा उपकरण, मेसिनरी औजार आदि ।

**अनुदान दिने आधारहरुः-**

व्यवसायीको प्रस्ताव, उत्पादन गर्ने क्षमता, उत्पादनको गुणस्तर, उपलव्ध गराएको रोजगारी, सम्भाव्यता र उपलव्ध श्रोतको आधारमा नगरपालिकाको श्रोत साधन, प्राथमिकताका र योजना आधारमा भएका निर्णय वमोजिम निर्धारण गर्न सकिने छ ।

**ङ) प्रस्ताव आह्वान :-**

सवै किसिमका फार्महरुलाई समेट्ने गरी प्रस्ताव आव्हानको सूचना अनुसूचि - १ बमोजिम नगरपालिकाको सवै वडाहरु, नगरपालिका अन्तरगतका शाखा कार्यालयहरु,

नगरपालिकामा कार्यरत संघसंस्थाहरुमा सूचना पठाउने र वेयव साईड, स्थानीय रेडियो तथा पत्र पत्रिकामा सूचना प्रकाशित गरीने छ । आवेदन एवं उपलब्ध गराउनु पर्ने कगजातहरु अनुसूचि - २ बमोजिम र कार्ययोजना अनुसूचि - ३ बमोजिमको ढाँचामा समावेश हुनु पर्नेछ ।

**च) प्रस्ताव मूल्याङ्कन :-**

१) प्रस्ताव आव्हान भए बमोजिम निर्धारित मिति र समय भित्रमा पेश हुन आएका प्रस्तावहरुको सूचि सार्वजनिक खरिद ऐन ऐ. ऐ. नियमावलि र प्रचलित आर्थिक नियमावली अनुसारका पदाधिकारीहरुको रोहवरमा मूचुल्का वनाई नगरपालिकामा पेश गरिने छ र सोको सूचि प्रकाशन गरिनेछ ।

२) प्राप्त प्रस्तावहरुको प्रारम्भीक छानविन, स्थलगत निरिक्षण तथा अनुसुचि - ५ मा उल्लेखित आधारहरुलाई समेत मूल्याङ्कन गर्नका लागि तपशिल अनुसारको मूल्याङ्न समिति रहनेछ ।

**मूल्याङकन समितिको वनौटः-**

१) बेलका नगरपालिकाको आर्थिक समितिको संयोजक ..........................संयोजक

२) वेलकानगरपालिका, कृषि विकास शाखाको प्रमूख ..............................सदस्य

३) वेलकानगरपालिका, पशु पन्छी तथा मत्स्य विकास शाखाको प्रमूख.......सदस्य सचिव

४) अन्य आमन्त्रित विज्ञ तथा समितिले आवश्यक ठानेको प्रतिनिधि ज्यूहरु ।

**छ) प्रस्तावहरुको स्वीकृतिः-**

१) मूल्याङ्क समितिले अनुसूचि-५ बमोजिमको ढाचामा मूल्याङ्न गरी छनौट भएका प्रस्तावहरु स्वीकृति/अनुमोदनका लागि कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

२) स्वीकृति भएका प्रस्तवहरुलाई अनुसूचि - ४ बमोजिम सम्झौता गरी कार्यान्वयन, अनुगमन, मूल्याङ्न लगायत सम्पूर्ण कार्य गरी सम्पन्न कामको आधारमा अनुदानको लागि नगरपालिकाको कार्यालयमा विल भरपाई पेश गर्न लगाउने लगायतका दायित्व बेलका नगरपालिका, पशु पन्छी तथा मत्स्य विकास शाखाको हुनेछ ।

**पशु आहारा सेवा कार्यक्रम**

**१) उन्नत डाले तथा भूईघाँसको विऊ वितरणः-**

पशु पालक व्यवसायीहरुलाई उत्पादन लागत कम गराउन घाँसमा आधारित पशुपालनलाई प्रोत्साहन गरिने छ । यसका लागि उन्नत कोशे , अकोशे डाले तथा भूईघाँस खेति गराउन प्रोत्साहन गरिने छ । यसका लागि कृषक/व्यवसायीकहरुसंग सूचना प्रकाशन गरी घाँसको माग संकलन गरिने छ । उपलव्ध घाँसको विउ कृषक वर्गिकरण तथा व्यवसायको आकार हेरी घाँसको परल मूल्यमा ५० देखि ७५ प्रतिशत मूल्य अनुदानमा माग बमोजिम घासको विऊ, विरुवा वितरण गरिने छ ।

## २) डाले तथा भूईघाँसको श्रोत केन्द्र स्थापनाः-

उन्नत घाँसको माग बमोजिम नगरपालिका भित्रका कृषक व्यवसायीलाई यो कार्यक्रममा समावेश गरिने छ । यस कार्यको लागि नगरपालिकावाट आवश्यक एक पटकको लागि मलविऊ निःशुल्क उपलव्ध गराउने र अन्य कार्य सम्वन्धित व्यवसायीले गर्ने गरी करार खेति गर्न लगाईने छ । नगरपालिकाले निर्धारण गरेको मूल्यमा र क्षेत्रमा उक्त वेर्ना तथा विऊ विक्री वितरण गर्नु पर्नेछ ।

## ३) डाले तथा भूईघाँसको प्रदर्शनी स्थल निर्माणः-

नयाँ तथा उन्नत घाँसको प्रविधि हस्तान्तरणको लागि नगरपालिको आफ्नै लगानीमा वा उपयुक्त कृषक समूह/सहकारी वा व्यवसायीलाई छनौट गरी नगरपालिकाको ७५ प्रतिशत लागत साझेदारीमा प्रदर्शनी स्थालको निर्माण गरिने छ ।

## ४) कृषि वन विकासः-

वोट विरुवा कम भएको वा अनावश्यक झारी, बुट्यानले ढाकीएको ऐलानी जमिन, सामुदायिक वा निजिवनमा उपभोक्तहरुको संख्या र पशुको चापका आधारमा अनावश्यक झाडी, बुट्यान सफा गरी बहुउद्धेश्यी बोटविरुवा तथा भुईघाँस खेति गरी कृषिवन विकासमा प्रोत्साहन गरिने छ । यसका लागि सरोकारवलासंग ७५ प्रतिशत लागत साझेदारीमा यो कार्यक्रम सञ्चालन गरिनेछ ।

५) हे, साईलेज, सन्तुलित दाना उत्पादन लगायत पशुपन्छी तथा मत्स्य आहारा विकास सम्वन्धि उपकरण ७५ प्रतिशतसम्म अनुदानमा वितरण गर्ने र उक्त कार्यक्रममा आवश्यक पर्ने तालिम, गोष्ठि, भ्रमण जस्ता कृयाकलापहरु नगरपालिकावाट सञ्चालन गरिने छ ।

## ६).पशुपन्छी तथा मत्स्य विकास वजार प्रबर्द्धन कार्याक्रम

नगरपालिका भित्र पशु पन्छी तथा मत्स्य पालन व्यवसाय गरी रहेका व्यवसयीहरुको उत्पादनको लागि वजारको सुनिस्चितता र विचौलियाहरुवाट कृषकलाई वचाउन नगरपालिका भित्रका कृषक व्यवसायीहरुलाई सहभागि गराई पशुपन्छी तथा मत्स्य वजारको स्थापना तथा सञ्चालन गरिने छ ।

## कार्याक्रम सञ्चालन प्रकृयाः-

क) बेलकानगरपालिकाबाट स्वीकृत बार्षिक कार्यक्रम कार्यन्वयनको लागि नगरका सवै वडा कार्यालय,सरोकारवाला शाखा कार्यालय, ओयव साईड, स्थानीय स्तरको पत्रिकामा पशु पन्छी तथा मत्स्यजन्य उत्पादनहरुको बजार प्रवर्द्धन गर्न अनुसूचि-१ बमोजिम सूचना प्रकाशन गरी तपशिल बमोजिमको कृयाकलाप सञ्चालनको लागि प्रस्ताव माग गरिनेछ ।

### तपशिलः-

१) चिलिङ्ग भ्याट स्थापना तथा सञ्चालन
२) डेरी पसल निर्माण सूधार
३) माछा,मासु पसल निर्माण सूधार
४) छाला संकलन
५) स्थानीय स्तरमा जुत्ता तथा छालाका सामाग्रीहरु उत्पादन

६) स्थानीय स्तरमा भेडाको ऊन प्रसोधन तथा उत्पादन सामाग्रीहरु

७) विविध पशु पन्छी तथा मत्स्यजन्य उत्पादनहरको बजारीकरण सम्वन्धि कार्यक्रमहरु

ख) सूचना प्रकाशन भए पश्चात ईच्छुक उद्यमीहरुले अनुसूचि-२ अनुसाको निवेदन अनुसूचि -३ बमोजिम व्यवसायीक प्रस्ताव बेलका नगरपालिका, पशु पन्छी तथा मत्स्य विकास शाखामा पेश गर्नु पर्नेछ ।

ग) प्रस्ताव पेश गर्दा अनुसूचि-२ अनुसारका कागजातहरु अनिवार्य रुपमा समावेश हुन पर्नेछ ।

घ) प्रस्ताव सूचिकृत सार्वजनिक गर्ने ।

ङ) प्राप्त हुन आएका प्रस्तावहरु अनुसूचि -५  को आधारमा छनौट र स्वीकृत गरिनेछ ।

च) प्रस्ताव स्वीकृत भए पश्चात प्रस्तावकसंग अनुसूचि - ४ अनुसार द्धिपक्षिय संझौता गरिनेछ ।

छ) कार्य प्रगति र सम्वन्धित कार्यक्रमको प्राविधिक प्रतिवेदनका आधारमा ७५ प्रतिशतसम्म अनुदान रकम उपलव्ध गराईने छ । अनुदान किस्तावन्धि वा एक मुष्ठ जुन उपयुक्त हुन्छ सोही अनुसार भुक्तानी दिन सकिनेछ ।

**मूल्याङ्कन समितिको वनौटः-**

१) बेलका नगरपालिकाको आर्थिक समितिको संयोजक ......................संयोजक

२) वेलकानगरपालिका, कृषि विकास शाखाको प्रमूख ............ सदस्य

३) वेलकानगरपालिका, पशु सेवा शाखाको प्रमूख ............. सदस्य सचिव

४) अन्य आमन्त्रित विज्ञ तथा समितिले आवश्यक ठानेको प्रतिनिधि ज्यूहरु ।

**झ) मूल्याङ्नका आधारहरु :-**

मूल्याङ्नका आधारहरु उल्लेखित अनुसूचि-५ मा उल्लेख भए अनुसार हुनेछन् ।

**ञ) प्रस्तावहरुको स्वीकृतिः-**

१) मूल्याङ्क समितिले मूल्याङ्न गरी छनौट भएका प्रस्तावहरु स्वीकृति/अनुमोदनका लागि नगर कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

२) स्वीकृति भएका प्रस्तावहरुलाई उल्लेखित अनुसूचि-४ बमोजिम सम्झौता गरी कार्यान्वयन, अनुगमन, मूल्याङ्न लगायत सम्पूर्ण कार्य गरी सम्पन्न कामको आधारमा अनुदानको लागि नगरपालिकाको कार्यालयमा विल भरपाई पेश गर्न लगाउने लगायतका दायित्व बेलका नगरपालिका, पशु पन्छी तथा मत्स्य विकास शाखाको हुनेछ ।

**७) पशु स्वास्थ्य कार्यक्रमः-**

**क) उपचार सेवाः-**

पशुपन्छी तथा मत्स्य धनको सुरक्षाको लागि नगरपालिकाले नगरका सवै वडाहरुमा एक पशुपन्छी तथा मत्स्य उपचार केन्द्र स्थापना गर्नेछ ।

यस केन्द्रवाट नगरपालिकाले निर्धारण गरेको दस्तुर लिई उपचारमा सेवा उपलव्ध गराईनेछ ।

***तर नगरपालिकाले आर्थिक अवस्था कमजोर भएका, लक्षित व्यक्ति वा समूदायलाई राहत दिन वा माहमारी रोगको रुपमा रोग फैलन गई ठूलो पशु धनको हानी नोक्सानी हुने देखिएमा नगरपालिकाको निणर्य वमोजिम निःशुल्क उपचार गर्न गराउन वाधा पर्ने छैन ।***

**ख) खोप सेवाः-**

नियमित रुपमा गर्नु पर्नु पर्ने खोपहरु खोपको परलमूल्य लिई प्राविधिक सेवा निःशुल्क दिईनेछ । माहामारी रोग फैलिएको अवस्थामा यस रोगको पहिचान गरी निशुल्क खोप उपलव्ध गराईने छ ।

**ग) प्रयोगशाला सेवाः-**

यो सेवा लिन तोकिएको दर्ता शुल्क वाहेक अन्य शुल्क लाग्ने छैन ।

**घ) पशु स्वास्थ्य/परजिवि नियन्त्रण शिविरः-**

नगरपालिकावाट उपचारमा वन्चितीमा परेका वा लक्षित वर्ग तथा समूदायलाई लक्ष गरी यो कार्याक्रम निःशुल्क सञ्चालन गर्न वा गराउन सक्नेछ ।

**८) नश्ल सुधार कार्यक्रमः-**

नश्ल सुधार गर्न चाहेको गुण, उत्पादन क्षमताको संरक्षण, प्रवर्द्धन गरी पशु पन्छी तथा मत्स्य जन्य उत्पादन तथा उत्पादकत्व बढाउन तथा लागत घटाई व्यवसाय विकासको लागि यो कार्यक्रम सञ्चालनमा ल्याईने छ ।

**सञ्चालित कार्यक्रमहरु :-**

**क) कृत्रिम गर्भाधानः-**

प्रभावकारिताका आधारमा सवै पशुहरुमा यो सेवा विस्तार गरिने छ । यस सेवाका लागि आवश्यक पर्ने तरल नाईट्रोजन निःशुल्क उपलव्ध गराईने छ । अन्य प्राविधिक सेवा नगरपालिकाले तोके वमोजिम हुनेछ । यो सेवा विस्तरको लागि कार्यविधि वनाई नीजि पशु सेवा प्राविधिकहरुलाई उपकरण तथा सिमेन उपलव्ध गराउन सकिने छ ।

**ख) प्राकृतिक गर्भाधानः-**

कृत्रिम गर्भाधान सेवा नपुग्ने र प्रभाकारी नहुने पशु पन्छी तथा मत्स्यमा यो कार्यक्रम सञ्चालनमा ल्याईने छ । यस कार्यक्रमका लागि कृषि अनुषन्धान केन्द्रवाट सिफारिस भएका उन्नत जातको विउ पशुहरु खरिद गरी समूह र लक्षित समूदायमा निःशुल्क गर्ने भनि नगरपालिकावाट निर्णय भए अनुसार अनुदानमा वितरण गरिने छ ।

**९) जैविक विविधता संरक्षण कार्यक्रमः-**

नगरपालिका भित्र संरक्षण गर्न आवश्यक भएका वा लोपउन्मुख पशु पन्छी तथा मत्स्यलाई संरक्षण गर्न

समूहगत रुपमा यो कार्यक्रम सञ्चालन गरिनेछ । यो कार्यक्रम सञ्चालन गर्न सम्भाव्यताको आधारमा लागत साझेदारी र प्रतिस्पर्धात्मक वनाई पशु पन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन कार्यविधि,२०७६ अनुसार सम्पन्न गरिने छ । यो सम्भव हुन नसक्ने भनि प्राविधिकको सिफारिस अनुसार नगरपालिकावाट निर्णय भै आएको अवस्थामा निःशुल्क सञ्चालन गरिनेछ । निःशुल्क कार्यक्रम सञ्चालनको लागि पशुपन्छी तथा मत्स्यको जात, संख्या र सम्लग्न घरधुरीका आधारमा यसको छुट्टै कार्यविधि तथा कार्यक्रम वनाई नगरपालिकावाट स्वीकृत गरी सञ्चालन गर्न सकिने छ ।

## १०) पशुपन्छी विमा कार्यक्रमः-

नगरपालिकावाट सञ्चालन भएका कार्यक्रममा यो कार्यक्रम अनिवार्य रुपमा लागु गरिने छ । यो वाहेक नगर भित्रका गुणस्तरीय पशुहरुको लागि गोष्ठि, तालिम गरी विमा गराउन प्रोत्साहन गरीने छ । हाललाई यो विमाको लागि प्राविधिक सेवा निःशुल्क गरिने छ भने नेपाल सरकारले उपलव्ध गराएको प्रिमयम अनुदानमा नगरपालिकावाट थप अनुदान दिने व्यवस्था मिलाईने छ ।

## ११) व्यवसाय उन्मूख/व्यवसायीक पशु सेवा कार्यक्रमः-

विगतमा पशु सेवा सम्वन्धि आवद्ध संघ-सस्था तथा सरकारी कार्यालयहरुवाट स्थापना भएका वा निजि रुपमा व्यवसाय गरि रहेका व्यवसाय उन्मुख वा

व्यवसायीक फर्महरुको सुद्धढीकरणको लागि यो कार्यक्रम सञ्चालन गरिनेछ । यो कार्यक्रम सञ्चालन विधि पशु पन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन निर्देशिका,२०७६ अनुसार हुनेछ ।

**१२) लक्षित कार्यक्रमः-**

यो कार्यक्रम गरिव, दलित, जनजाति, एकल महिला, भूमिहिन, प्राकृतिक प्रकोप पिडित, बिकालङ्ग आदि समूह वा जातजातिले पशुपन्छी र माछाको क्षेत्रमा गर्ने कार्यक्रम ( पशुपन्छी र माछाको संरक्षण, उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने, रोजगार प्रबर्दन तथा गरिवि न्यूनिकरण गर्ने, जिविकोपार्जका साथसाथै व्यवसायिक कार्यक्रम ) सञ्चालन गरिने छ । यो कार्यक्रम अन्तरगत पशु पन्छीका सवै जातहरुमा गर्न सकिने छ । यसमा लक्षित वर्गको माग र प्राविधिक रुपमा सम्भावना अनुसार हुनेछ ।

यो कार्यक्रम सञ्चालन गर्न पशु पन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम गरिने छ ।

**विविधः-**

**१३) पशु पन्छी तथा मत्स्य मेला प्रदशर्नीः**

बेलका नगरपालिका, पशु पन्छी तथा मत्स्य विकास शाखाले प्रविधि हस्तान्तरण गर्न गराउन उन्नत पशु पन्छी प्रदर्शन

गर्नका लागि यो मेलाको आयोजना गर्नेछ । यो मेला सञ्चालन गर्न पशु पन्छी तथा मत्स्य विकास शाखाले बजेटको सीमा भित्र रहि लागत अनुमान तयार गरी आर्थिक विकास समिति मार्फत नगरपालिकावाट स्वीकृत गराई सञ्चालन गर्न सक्ने छ ।

## १४) कृषक तथा प्राविधिक भ्रमणः

बेलका नगरपालिका, पशु पन्छी तथा मत्स्य विकास शाखाले नगरपालिका भित्र पशु पन्छी तथा मत्स्य पालन व्यवसाय गरी वसेका उत्कृष्ट कृषक वा व्यवसायीहरुलाई नयाँ नयाँ ज्ञान, शिप, अवलोकन गरी प्रविधि हस्तान्तरण गर्न गराउन यो कार्यक्रम सञ्चालन गर्न सक्नेछ । प्रचलित खरिद ऐनको सीमा भित्र रहि लागत अनुमान तयार गरी आर्थिक विकास समिति मार्फत नगरपालिकावाट स्वीकृत गराई सञ्चालन गर्न सक्ने छ ।

## १५) पशु पन्छी तथा मत्स्य शिविर सञ्चालनः

बेलका नगरपालिका भित्र पशु पन्छी तथा मत्स्य विकास शाखाको पहुच भन्दा टाढा वा नगरपालिकाको पशुपालन व्यवसायको पकेट क्षेत्रमा व्यवसाय गरी वसेका लक्षित वर्ग वा समूहलाई विशेषज्ञ तथा राहत सेवाको रुपमा यो शिविर सञ्चालन गरीने छ । यस शिविरको लागि बेलका नगरपालिका पशु पन्छी तथा मत्स्य विकास शाखाले लगत ईष्टिमेट तयार गरी आर्थिक विकास समितिमा पेश गर्नेछ । आर्थिक विकास समितिले प्रस्तावलाई आवश्यक भए पुनरावलोकन गरी स्वीकृतिका लागि नगर कार्यपालिकामा पेश गर्नेछ । नगर कार्यपालिकावाट स्वीकृत भए पछि कार्यक्रम कार्यन्वयनमा लान सकिनेछ ।

## १६) तालिम, गोष्ठिः-

### क) १ कार्य दिने तालिमः-

यो तालिम फिल्ड स्तरमा वा नगरपालिका स्तरीय दुवै रुपमा सञ्चालन गर्न सकिने छ । यस तालिममा सहभागीको स्टेशनरी, खाजा खर्च, तालिम सञ्चालन गर्न व्यवस्थापन खर्च वापत रु. ३०००।-, संयोजक खर्च रु. ५००।- र प्रशिक्षक खर्च रु.१५००।- गरी कुल रु.५०००।- सम्म खर्च गर्न सकिने छ ।

### ख) नगरपालिका स्तरिय तालिम कार्यक्रमः-

पशु पन्छी तथा मत्स्य विकास शाखाले नगरपालिका स्तरीय पशु पालन तालिम सञ्चालन गर्ने सक्नेछ । उक्त तालिम ३ कार्य दिनको हुनेछ । उक्त तालिममा एक दिनमा ३ देखि ४ कक्षा सञ्चालन गरिनेछ र प्रति कक्षा १.३० घण्टाको हुनेछ । यस तालिममा तपशिल अनुसारको खर्च गर्न सकिने छ :-

- व्यवस्थापन खर्च वापत एकमुष्टः- २०००।-
- सहभागिको स्टेशनरी खरिद प्रति व्यक्ति रु.५०।-
- चिया, नास्ता, पानी वा खाना वापत प्रति सहभागि प्रति छाक रु.१००।-
- तालिम संयोजक खर्च प्रतिदिन रु.५००।-
- प्रशिक्षक भक्ता प्रति कक्षा हेन्स आउट सहित २०००।-
- बास वस्न पर्ने सहभागिको खाना तथा वास खर्च प्रति सहभागि प्रतिदनि रु.५००।-
- यातायात खर्च विलको आधारमा थप उपलव्ध गराईने छ ।

१७) व्यवसाय तथा पशु पन्छी दर्ता शुल्क नगरपालिकाले तोके वमोजिम हुनेछ । नगरपालिकाको तोक्न वाँकी दस्तुर वा सेवा शुल्क नगरपालिकाको नियमानुसार हुनेछ ।

**१८) अनुगमन तथा मूल्याङ्नः-**

पशु पन्छी तथा मत्स्य विकास शाखाको सहयोगमा बेलका नगरपालिकाले सम्पूर्ण कार्यक्रमको अनुगमन तथा मूल्याङ्न गर्नेछ । यस कार्यमा नगरपालिकाका पदाधिकारी, विशेषज्ञहरुलाई आवश्यकता अनुसार सहभागि गराउन सकिनेछ । उक्त कार्यमा सहभागी लाई मूल्याङ्गन पारिश्रमिक प्रति दिन प्रति सहभागि रु. १०००।- र अन्य स्टेशनरी तथा खाजा/खाना खर्च उपलव्ध गराउन सकिने छ ।

**१९) कार्यबाहीको व्यवस्था :-**

प्रस्ताव स्वीकृत भएका कृषकहरुले स्कीम/परियोजना सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरे प्राप्त अनुदानलाई दुरुपयोग गरेको प्रमाणित भएमा नगरपालिकाको प्रचलित ऐन नियम कानून वमोजिम कार्यवाही गरी सरकारी रकम सरह मानी अशुल उपर गरिने छ ।

**२०) प्रचलित कानून लागु हुने :-**

सम्पूर्ण कार्यक्रम कार्यान्वयन सम्वन्धमा यस कार्यविधिमा उल्लेख भए बमोजिम तथा उल्लेख नभएकोमा हकमा समेत प्रचलित ऐन कानून अनुसार हुनेछ ।

**२१) कार्य विधि सम्सोधन तथा परिमार्जनः-**

बेलकानगरपालिकाले यस कार्यविधिमा समयानुकुल आवश्यक परिमार्जन एवं सम्सोधन गर्न सक्नेछ ।

**२२) खारेजी तथा वचाउः-**

यो कार्यविधि, २०७६ बमोजिम कार्यक्रमहरु सञ्चालन भएको मानिने छ । यसको सर्वाधिकार बेलका नगरपालिकामा रहने छ ।

## अनुसुचि-१

## ............... कार्यक्रमको प्रस्ताव आव्हनको सूचनाको ढाँचा

बेलका नगरपालिका, पशु पन्छी तथा मत्स्य विकास शाखा, उदयपुर, प्रदेश नं.-१

**कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आव्हन सम्वन्धि सूचना**

प्रथम पटक प्रकाशित मितिः- २०७..../....../......

यस कार्यालयको आ.व......................... को बार्षिक स्वीकृत कार्यक्रम अनुसार ...................कार्यक्रम सञ्चालन गर्न पर्ने भएको हुदा ईच्छुक पशु पन्छी तथा मत्स्यपालक कृषक, व्यवसायी, समूह, समिति, फर्म वा पशु पन्छी तथा मत्स्यपालन गर्ने उद्धेश्य राखेको साझेदारहरुवाट दरखास्थ आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । प्रस्तावकले यही कार्यक्रमका कृयाकलाप अन्तरगत दाहोरो सुविधा लिने गरी सरकारी निकायवाट विगत २ आर्थिक वर्षसम्म नगद वा वस्तुगत अनुदान सहयोग लिई सकेका भए छनौट प्रकृयामा समावेश हुने छैनन् । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ...... दिन भित्र तोकिएको ढाँचा अनुसारको आवेदन फारममा दरखास्त दिनु पर्नेछ । पुनश्चः आवेदनसाथ तपशिल अनुसारका कागजातहरु सम्लग्न राख्न समेत यसै सूचनाद्धारा सूचित गरिन्छ ।

**तपशिलः-**

१) अनुसूचि अनुसारको आवेदन फारम
२) अनुसूचि अनुसारको सम्क्षीप्त कार्य योजना
३) नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि
४) घाँस खेति गर्ने जग्गाको हकमा जग्गाधनी प्रमााण-पूर्जाको प्रतिलिपि वा आफ्नो नाममा जग्गा नभए कम्तीमा ५ वर्ष भोगाधिकारको लागि करारमा लिएको जग्गाको करार सम्झौता सहित उक्त जग्गा धनी प्रमााण-पूर्जाको प्रतिलिपि
५) शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रतिलिपि
६) व्यवसायसंग सम्वन्धि तालीम भए सो को प्रतिलिपि
७) व्यवसाय दर्ता भए दर्ता, नविकरणको प्रतिलिपि
८) परियोजना कार्यान्वयन गर्ने प्रतिवद्धता ।
९) पर्यावरणीय असरको न्यूनिकरण गर्ने उपाय र जैविक सुरक्षा सम्वन्धि विवरण

# अनुसूचि - २

## ................ कार्यक्रमको अनुदान सहयोग प्राप्त गर्नका लागि दिईने आवेदन पत्र

**श्रीमान् प्रमुख ज्यू**
**बेलका नगर कार्यपालिका, पशु पन्छी तथा मत्स्य विकास शाखा,**
**उदयपुर, प्रदेश नं.- १**

**विषयः-** कार्यक्रममा सहभागि हुन पाँउ भन्ने वारे ।

महोदय,

प्रस्तुत विषयमा बेलका नगरपालिकावाट मिति ................ मा आव्हान भएको ........................... कार्यक्रममा सहभागि हुन मेरो योग्यता पुग्ने भएकोले उक्त कार्यमा सहभागि हुन निम्नानुसारको कागजात राखि यो निवेदन गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार कामकाज गर्नेछु ।

**पुनश्चः** तपशिल अनुसारका कागजातहरु यसै निवेदनसाथ सम्लग्न छन् ।

**तपशिलः-**

- अनुसूचि-३ अनुसारको सम्क्षिप्त कार्य योजना ।
- नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि ।
- फर्म दर्ता भए सो को प्रतिलिपि नभए अनुदान लिनु पूर्व दर्ता गरिसक्ने प्रतिवद्धताको पत्र ।
- शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रतिलिपि
- सम्वन्धित विषयमा तालीम भए सो को प्रतिलिपि

- व्यवसायको लागि आवश्यक जग्गा धनि प्रमाण-पत्र वा नभए भाडामा लिएको प्रमाण-पत्र ।
- परियोजना कार्यान्वयन गर्ने प्रतिवद्धता ।
- पर्यावरणीय असरको न्यूनिकरण गर्ने उपाय र जैविक सुरक्षा सम्वन्धि विवरण

**निवेदकको नामः-**

**दस्तखतः-**

**सस्थाको नामः-**

**ठेगानाः-**

**मितिः-**

# अनुसूचि-३

## कार्यक्रमको अवधारणको संक्षिप्त व्यवसायीक कार्ययोजना

व्यक्ति/फार्मको नामः-
सम्पर्क नं.ः-
ठेगानाः-
व्यवसाय सञ्चालन गरिने स्थानः-
व्यवसायको परिचयः-
उद्धेश्यः-
व्यवसायको अनुभवः-
व्यवसायको पूर्वाधारः-
व्यवसाय विस्तार गर्न सकिने आधारहरु :-
व्यवसायवाट उत्पादन हुने वस्तु र सो को वार्षिक परिमाणः-
बजारको सम्भावनाः-
रोजगारी उपलव्ध हुने संख्याः-
प्राविधिक सहयोगको अवस्थाः-
वातावरण मैत्री वनाउने रणनीतिः-
अन्यः-

### सञ्चालन गरिने कृयाकलाप तथा लागत साझेदारीः-

| क्र.सं. | सञ्चालन गरिने कृयाकलाप | अपेक्षित अनुदान सहयोग रु. | नीजि लगानी रु. | जम्मा लगानी रु | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

आवेदकः-
नामः-
दस्तखतः-
पदः-
संस्थाको छापः-
मितिः-

# अनुसूचि-४

## कार्यक्रम सञ्चालनका लागि गरिने सम्झौता-पत्र

बेलका नगरपालिका, पशु पन्छी तथा मत्स्य विकास शाखा, उदयपुर, प्रदेश नं.-१ मार्फत सञ्चालन गरिने चालु आ.व.२० .. /२०.... को स्वीकृत ......................कार्यक्रम सञ्चालन गर्न बेलका नगरपालिका, पशु पन्छी तथा मत्स्य विकास शाखा, उदयपुर (यस भन्दा पछाडी पहिलो पक्ष भनिने), विशिष्टताको आधारमा छनौट भएको....................................व्यवसायको व्यवसायी कृषक श्री................................ (यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) बीच तपशिलका शर्तनामाहरु गरी गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता/सहमति भएको छ ।

**तपशिलः-**

१) प्रस्तावित...................... कार्यक्रम उदयपुर जिल्ला बेलका नगरपालिका वडा ............, ..... टोलमा मिति २०..../...../....सम्ममा सम्पन्न गरिनेछ ।

२) पहिलो पक्षले शुरुमा कार्यक्रम सञ्चालानार्थ स्वीकृत कार्यक्रम अनुसार स्वलगानीमा कार्य सम्पन्न गरे पाश्चात रकम भुक्तानीको लागि विल भरपाई पेश गर्नु पर्नेछ र सो अनुसार मनासिव ठहरेमा प्रथम पक्षले दोश्रो पक्षलाई किस्ता वन्दी वा एकमूस्ठ भूक्तानी दिन सकिनेछ ।

३) कार्यक्रम सम्पन्न भए पाश्चात बेलका नगरपालिकाको नियमानुसार व्यवसाय दर्ता गरी प्रमाण-पत्र लिने, मूल्य अभिवृद्धिकर (भ्याट) दर्ता प्रमाण-पत्र वा स्थायी लेखा नं.(

पान) प्रमाण-पत्र लिने जस्ता कार्यहरु समयमै सम्पन्न गर्नु पर्नेछ ।

४) प्रस्तावित योजना सम्पन्न भए पाश्चात मर्मत सम्भार लगायतका सम्पूर्ण कार्यहरुको जिम्मेवारी एवं दायित्व दोश्रो पक्षको हुनेछ ।

५) प्रस्तावित कार्यक्रम स्थल ५ वर्ष अगावै सम्झौता मुताविकको भन्दा अन्यत्र सारिने छैन । तथापी काबु बाहिरको अवस्थामा स्थान्तरण गर्नु परेमा प्रथम पक्षको लिखित स्वीकृत अनिवार्य रुपमा लिनु पर्नेछ ।

६) दोश्रो पक्षले कारणवस प्रस्तावित कार्यक्रम वन्द गरेमा प्रथम पक्षले उपलव्ध गराएको अनुदान रकमवाट खरिद गरिएको उपकरण फिर्ता लिन सक्नेछ ।

७) प्रस्तावित कार्यक्रम सञ्चालन गरिएको थलोमा ठेगाना तथा सहयोगी निकायको नाम उल्लेखित वोर्ड राख्ने कार्य दोश्रो पक्षले अनिवार्य गर्नेछ ।

८) दोश्रो पक्षले नियमित रुपमा  प्रगति विवरण लगायत अन्य तथ्याङ्कहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलव्ध गराउनु पर्नेछ ।

९) सम्झौता मुताविकको कार्य नभएमा वा उपलव्ध श्रोतको दुरुपयोग भएको पाईएमा प्रथम पक्षले जुन सुकै समयमा एक तर्फि रुपमा सम्झौता भङ्ग गरी दोश्रो पक्षवाट दुरुपयोग भए वरावरको रकम सरकारी बाँकी सरह अशुल उपर गर्न सक्नेछ ।

१०) प्रथम पक्षको तर्फवाट कुनै पनि समयमा हुने कार्यक्रमको निरिक्षण /अनुगमन, तालीम भ्रमणमा सहयोग गर्नु दोश्रो पक्षको दायित्व हो ।

११) सम्झौतामा उल्लेख हुन छुटेका विषयका हकमा प्रचलित नियम कानून र दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

**नोटः-** सम्झौताका बुदाहरु आवश्यकता अनुसार थप घट वा परिमार्जन गर्न सकिने छ ।

| **साझेदारी फार्मको संचालक तर्फबाट सहि गर्ने** | **कार्यालय तर्फवाट दस्तखत गर्ने** |
| --- | --- |
| नामः- | नामः- |
| दस्तखतः- | दस्तखतः- |
| पदः- | पदः- |
| संस्थाको छापः- | कार्यालयको छापः- |
| मितिः- | मितिः- |

अनुसूचि-५

**व्यवसायको प्रस्ताव छनौट गर्दा अपनाईने मूल्याङ्कनका आधारहरु :-**

| क्र.सं. | द.नं. | आवेदकको नाम र ठेगाना | प्रस्तावित कार्य योजना | व्यवसायको सम्भाव्यता/उपयुक्तता | अनुभव/तालीम | व्यवसायको क्षमता | पूर्वाधार विकास तथा विस्तार गर्न | शैक्षिक योग्यताको | जैविक तथा पर्यावरणीय सुरक्षा विधि | कूल प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

**मूल्याङ्न समितिका पदाधिकारीहरुको:**

नामः-　　　　　　　　　　　　　　पदः-

दस्तखतः-　　　　　　　　　　　　मितिः-

१)

२)

३)